# डुडुवा गाउँपालिकाका १० विद्यालयलाई इ हाजिरी मेसिन प्रदान

शिक्षाको गुणस्तरियता तथा शिक्षक नियमिततामा सहयोग पुग्ने

नेपालगन्ज १० जेठ । बाँकेको डुडुवा गाउँपालिकामा शिक्षाको गुणस्तरियता सुधार तथा शिक्षक नियमितताका लागि विद्यालयहरुमा इ हाजिरी मेसिन जडान गरिएको छ । गाउँपालिका अन्तगत यस आर्थिक वर्षमा १० वटा विद्यालयलाई आज एक कार्यक्रमका विच विद्यालयका प्रधानाध्यापकहरुलाई हस्तान्तरण गरिएको छ ।

गाउँपालिका प्रमुख नरेन्द्रकुमार चौधरी, उपाध्यक्ष साहिदा बानो, गाउँपालिका शिक्षा शाखा प्रमुख खगेन्द्र मल्ल, वडा नं. ६ का अध्यक्ष मोहनराम मिश्र र प्रमुख प्रशासकिय अधिकृत दीपक पौडेलले सो मेसिन हस्तान्तरण गर्नुभयो । गाउँपालिकामा रहेका ३१ वटा सामुदायिक र १० वटा संस्थागत विद्यालय गरि ४१ वटा विद्यालय रहेका छन ।

यस वर्ष १० वटा विद्यालयमा जडान गरिएको मेसिनको प्रभावकारिताका आधारमा आगामी वर्षमा सबै विद्यालयमा मेसिन जडान गर्ने गाउँपालिका अध्यक्ष नरेन्द्र कुमार चौधरीले बताउनुभयो । उहाँले यो मेसिनले शिक्षक समयमा आउने, विदा, काजमा बस्ने पुरा समय विद्यालयमा बस्नमा मद्दत पुग्ने भएकाले शिक्षाको गुणस्तरियतामा बृद्धि भई सुधार आउने बताउनुभयो ।

भोलीबाट विद्यालयले मेसिन जडान गरि इ हाजिरी सेवा शुरु गर्ने शाखा प्रमुख खगेन्द्र मल्लले बताउनुभयो । शिक्षकहरुलाई यसको प्रयोग तथा उपयोगिताका विषयमा तालिम समेत प्रदान गरिसकिएको छ । मेसिन जडानपछि साप्ताहिक रुपमा अनुगमन गरि मासिक रुपमा प्रतिबेदनका आधारमा शिक्षकहरुलाई पारिश्रमिक उपलब्ध गराइने गाउँपालिका शिक्षा शाखाले जनाएको छ ।

शहिद स्मारक मावि, मावि बनकटी, नेराप्रावि अमरहवा, जनता आधारभुत विद्यालय पिप्रहवा, सरस्वती मावि भंघोटना, पशुपति मावि नौरीगोरी, ज्ञानदिप मावि डलैपुर, आधारभुत विद्यालय शाहपुर्वा, नेराप्रावि सन्तलिया र अल्जामिया मदरसालाई इ हाजिरी मेसिन उपलब्ध गराइएको छ ।

पछिल्लो समय शिक्षकहरु विद्यालयमा नियमित नआउने, समयमा नआउने, अन्यत्र काममा व्यस्त रहने, पुरा समय अध्यायपन नगारउने, समस्याले शिक्षाको गुणस्तरियतामा प्रभावकारिता नदेखिएको सम्बद्धहरुको भनाई छ । (फोटो पनि छ)